*संवत् २०७५ सालको ऐन नं....... .*

# सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना:** सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा २ मा संशोधन:** सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ङ) को उपखण्ड (२) मा रहेका "कुनै वस्तु" भन्ने शब्दहरुपछि "वा सोको सार तत्व" भन्ने शब्दहरु थपिएका छन् ।

३. **मूल ऐनको दफा ३ मा संशोधन:** मूल ऐनको दफा ३ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ:-

"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले निजी जग्गामा लोपोन्मुख वनस्पति रोप्न, त्यसरी रोपिएको र निजी जग्गामा प्राकृतिक रुपमा

उम्रिएको लोपोन्मुख वनस्पति हुर्काउन, सोको नमूना उत्पादन गर्न, राख्न र प्रयोग गर्न सक्नेछ ।"

**४.** **मूल ऐनको दफा ४ मा संशोधनः** मूल ऐनको दफा ४ मा रहेका "तोकिए बमोजिम" भन्ने शब्दहरुको सट्टा "तोकिए बमोजिमको ढाँचामा" भन्ने शब्दहरु राखिएका छन् ।

**५.** **मूल ऐनको दफा ६ मा संशोधनः** मूल ऐनको दफा ६ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) को खण्ड (ङ) र (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि लोपोन्मुख वनस्पति र वन्यजन्तु वा सोको नमूनाको निकासी गर्दा निकासी हुने मुलुकले दिएको त्यस्तो अनुमतिपत्र तथा आश्वासनपत्र आवश्यक पर्ने छैन ।"

**६.** **मूल ऐनको दफा ८ मा संशोधनः** मूल ऐनको दफा ८ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर कुनै व्यक्तिले निजी जग्गामा संरक्षित वनस्पति रोप्न, त्यसरी रोपिएको र निजी जग्गामा प्राकृतिक रुपमा उम्रिएको संरक्षित वनस्पति हुर्काउन, सोको नमूना उत्पादन गर्न, राख्न र प्रयोग गर्न त्यस्तो अनुमतिपत्र लिनु पर्ने छैन ।"

**७.** **मूल ऐनको दफा १३ मा संशोधनः** मूल ऐनको दफा १३ को,-

(१) उपदफा (१) मा रहेका,-

(क) "वा कुनै सङ्कटापन्न वनस्पति रोपेको, हुर्काएको" भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) "यो ऐन प्रारम्भ भएको एक वर्षभित्र" भन्ने शब्दहरुको सट्टा "तोकिएको अवधिभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँ-ठाउँमा रहेका "वा वनस्पति" भन्ने शब्दहरु झिकिएका छन् ।

८. **रुपान्तरः** मूल ऐनको ठाउँ-ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएको छः-

(क) "वन विभाग" भन्ने शब्दहरुको सट्टा "वन तथा भू-संरक्षण विभाग" भन्ने शब्दहरु,

(ख) "वन तथा भू-संरक्षण मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "वन तथा वातावरण मन्त्रालय" भन्ने शब्दहरु ।

आश्विन १०, २०७५ मा बसेको राष्ट्रिय सभाको बैठकले संशोधन सहित पारित गरेको पौष २९, २०७५ मा बसेको प्रतिनिधि सभाको बैठकले संशोधन सहित फिर्ता पठाउने गरी पारित गरेको र फाल्गुण २, २०७५ मा बसेको राष्ट्रिय सभाको बैठकले उक्त संशोधन सहित यो विधेयकलाई पुनः पारित गरेको व्यहोरा नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

.............................................

(गणेश प्रसाद तिमिल्सिना)

अध्यक्ष

राष्ट्रिय सभा

राष्ट्रिय सभा अध्यक्षबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।

.............................

मितिः २०७५/......./.......

(विद्यादेवी भण्डारी)

राष्ट्रपति